# ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन


**जयकला राई**

**परीक्षा क्रमाङ्क : २८०६११/०७३**

**त्रि.वि.दर्ता नं. : ९-३-२८-८१-२०१३**


**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत**

## शोधपत्र

**२०७३/२०१७**


**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर, काठमाडौँ**



ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन

जयकला राई


१११/०७३

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्री कहीँ कतैबाट साभार गरिएको छैन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.........................

जयकला राई

शोधार्थी

मिति : २०७३/१२/१०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशात्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत '**ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन'** शीर्षकको यस शोधकार्य शोधार्थी जयकला राईले मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

प्रा.डा. यादवप्रकाश लामिछाने

(**शोधनिर्देशक**)

मिति : २०७३/१२/११

24 March 2017

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
**नेपाली भाषा शिक्षा विभाग**
त्रि.वि.कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि छात्रा जयकला राईद्वारा **'ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन'** शीर्षक शोधपत्र स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा.रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | .............................. |
| २. | प्रा.डा. यादवप्रकाश लामिछाने (शोधनिर्देशक) | ............................... |
| ३. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ............................... |

मिति : २०७३/१२/२२
04 April 2017

## कृतज्ञताज्ञापन

शोधपत्र तयार गर्ने कार्य आफैंमा एक महत्त्वपूर्ण, गहन र जटिल प्रक्रिया हो । कुनै पनि कार्य सम्पन्न गर्दा धैर्य, लगनशीलता र कडा मिहेनतको आवश्यकता पर्दछ भन्ने कुराको राम्रो अनुभव मैले प्रस्तुत शोधपत्र सम्पन्न गर्ने क्रममा पाएँ । 'ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि मेरो श्रद्धेय गुरु प्रा.डा. यादवप्रकाश लामिछानेको निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आइपरेका विभिन्न समस्या र चुनौतीहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देशन गराएर व्यस्त जीवनमा पनि मलाई अमूल्य समय, सल्लाह, सुझाव र मार्गनिर्देशन दिनु भई यस शोधपत्र लेखनकार्यलाई सफल बनाउन प्रेरणा दिनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र लेखनदेखि नै आफ्ना अमूल्य सुझाव र सल्लाह दिई उत्प्रेरित गर्नु हुने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईप्रति म आभारी छु । शोधपत्र लेखनका क्रममा निरन्तर रूपमा सल्लाह सुझाव दिनुहुने विभागअन्तर्गतका गुरुहरू प्रा.डा. पारसमणि भण्डारी, प्रा.डा. राजेन्द्रप्रसाद पौडेल, सहप्रा.डा. माधवप्रसाद पौडेल, उपप्रा.डा. बुद्धराज खनिया, डा. राजेन्द्र खनाललगायत नेपाली भाषा शिक्षा विभागअन्तर्गत प्राध्यापनरत सम्पूर्ण गुरुवर्गप्रति हार्दिक आधार प्रकट गर्दछु ।

जीवनका विभिन्न कठिनाइहरूसँग सङ्घर्ष गर्नुपर्दछ भनी नैतिक अर्ती उपदेश दिँदै सदैव उज्जवल भविष्यको कामना गर्दै मेरो पढाइ र प्रगतिको निरन्तरताका लागि आर्थिक सहयोग जुटाउन सहयोग गर्नुहुने आदरणीय दाजु कल्याण राई र ममतामयी माता कृष्ण कुमारी राई र विशेष सहयोगीका रूपमा आत्मीय मित्र अस्मिता थापा मगरप्रति म सदैव ॠणी छु । यो शोधपत्र लेखनलाई व्यवस्थित गर्न निरन्तर कम्प्युटरमा साथ दिई सहयोग पुऱ्याउने प्यारो छोरा मिलन राईलाई धन्यवाद दिन चाहन्छ । सामग्री सङ्कलनमा सहयोग गर्नुहुने शिक्षक तथा विद्यार्थीहरूमा हार्दिक आभार प्रकट गर्दछु । साथै प्रस्तुत शोधकार्यलाई आवश्यक सरसल्लाहा र सहयोग गरी अनुसन्धान कार्यलाई सहज बनाउने तथा छिटो, छरितो एवम् शुद्ध रूपमा टङ्कन गरिदिनु हुने विपिन सुवेदीलाई विशेष धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष प्रस्तुत गर्दछु ।

...................................

जयकला राई

(शोधार्थी)

# शोधसार

प्रस्तुत शोधपत्र ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमतामा केन्द्रित रहेको छ । उक्त अध्ययनमा ललितपुर जिल्लाभित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयबाट ५ जना छात्र र ५ जना छात्राको दरले १०० जना विद्यार्थीहरूको चित्रवर्णन क्षमताको पहिचान तथा विश्लेषण गरिएको छ । विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा चित्रवर्णन क्षमताको अध्ययन गर्नु यस शोधको मूल उद्देश्य रहेको छ । सामग्री सङ्कलनका क्रममा जनसङ्ख्याको पहिचान नमुना छनोट, प्राथमिक स्रोत र द्वितीयक स्रोत, पूर्वपरीक्षण, सामग्री मानकीकरण, सामग्री कार्यान्वयन र आवश्यक परेका पुस्तकालयीय अध्ययन विधिको अवलम्बन गरिएको छ । कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई सङ्कलन र विश्लेषण गरी वस्तुगत र प्रभावकारी बनाउन मध्यमान र मानक विचलनका आधारमा देखाई तालिकीकरण र वृत्तचित्रको प्रयोग गरिएको छ । यो अध्ययनभन्दा अघि गरिएको यस अनुसन्धानसँग सम्बन्धित अनुसन्धानको समीक्षाबाट र प्राज्ञहरूको सुझावका आधारमा यस शोधकार्यको अवधारणात्मक ढाँचा निर्माण गरिएको छ । सङ्कुचित सामग्रीलाई विश्लेषण, तालिकीकरण र परिभाषीकरणमा प्रस्तुत गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन शीर्षकको शोधकार्य विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रबिन्दु मानेर यसमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । सामग्री सङ्कलनका क्रममा ललितपुर जिल्लाका विद्यार्थीहरूलाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ भने प्रतिनिधि क्षेत्रका रूपमा उक्त जिल्लाको उपमहानगरपालिकालाई लिइएको छ । ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानी उपमहानगरपालिका भित्रका पाँच सामुदायिक र पाँच संस्थागत गरी दशवटा विद्यालयका सयजना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरी सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा उक्त विद्यालयको विद्यार्थीहरूको चित्रवर्णन क्षमता निकालिएको छ । विविध चित्रहरूको समूहलाई आधार मानी प्रश्नपत्र निर्माण गरी लिखित परीक्षा सञ्चालन गरिएको छ । विद्यार्थीहरूलाई प्रश्नमै उत्तर लेख्न लगाई तिनलाई सामग्रीको रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको परीक्षणका लागि मूल्याङ्कनको आधार तयार पारी उत्तरपुस्तिका परीक्षण गरी प्राप्ताङ्क निकाली उक्त प्राप्ताङ्कलाई विभिन्न श्रेणीमा

विभाजन गरी तालिकाबद्ध समेत गरिएको छ । यसरी प्राप्त तथ्याङ्कको जनसङ्ख्यालाई प्रतिशत, मध्यमान, मानक विचलन र वृत्तचित्रको आधारमा विश्लेषण गरिएको छ । विद्यार्थीले लेखेका उत्तरहरूलाई प्राथमिक स्रोत सामग्री मानिएको छ भने चित्रवर्णनसँग सम्बन्धित पुस्तक, लेख र शोधपत्रलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ ।

**शोध निष्कर्ष**

समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको विश्लेषण गर्दा ६० देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५२ देखिनुले समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिकतर्फ ६० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २८ र संस्थागततर्फ २७ जना रहेकाले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ । वृत्तचित्रको मध्यमान प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता प्रतिशत धेरै रहेकाले राम्रो पाइन्छ । छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रतर्फ २९ र छात्रातर्फ २३ रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ । मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको मध्यमानमा २.६ प्रतिशत छात्रहरूको लिखित अभिव्यक्ति क्षमता धेरै छात्राहरूको चित्रवर्णन क्षमता कम रहेकाले छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ । वृत्तचित्रको मध्यमान प्रतिशतका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताभन्दा छात्रहरूको चित्रवर्णन क्षमता प्रतिशतले धेरै रहेकाले राम्रो रहेको छ ।

# विषयसूची


पृष्ठ सङ्ख्या

**अध्याय एक : शोधपरिचय** **१–७**

१.१ विषय परिचय १

१.२ समस्याकथन ३

१.३ शोधको उद्देश्य ३

१.४ शोधको सान्दर्भिकता र उपादेयता ३

१.५ शोधको सीमाङ्कन ५

१.६ शोधपत्रको रूपरेखा ५

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** **८–२६**

२.१ पूर्वकार्यको समीक्षा ८

२.१.१ पुस्तक समीक्षा ८

२.१.२ शोध समीक्षा ११

२.२ पूर्वकार्यको समीक्षाको महत्त्व १९

२.३ अवधारणात्मक ढाँचा २०

२.३.१ चित्रको परिचय २०

२.३.२ चित्रको परिभाषा २३

२.३.३ चित्रवर्णनमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व २४

२.३.४ मौखिक र लिखित भाषा २५

२.३.५ चित्रवर्णन शिक्षणका कार्यकलाप २५

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया** **२७–३२**

३.१ अध्ययन विधि २७

३.२ जनसङ्ख्याको पहिचान २८

३.३ नमुना छनोट २८

३.४ सामग्री सङ्कलन २८

३.४.१ प्राथमिक स्रोत २८

३.४.२ द्वितीयक स्रोत २९

३.५ पूर्वपरीक्षण २९

३.६ सामग्री मानकीकरण २९

३.७ सामग्री कार्यान्वयन २९

३.८ तथ्याङ्क सङ्कलन र विश्लेषण ३०

३.९ अध्ययनमा साङ्ख्यिकीको प्रयोग ३०

**अध्याय चार : समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन** **३३–३५**

४.१ समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता ३३

४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको चित्र वर्णन क्षमता ३४

**अध्याय पाँच : विद्यालय प्रकृतिकाआधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन** **३६–४३**

५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ३६

५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ३७

५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना ३८

५.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ४०

५.५ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूबो चित्रवर्णन क्षमता ४१

५.६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ४२

**अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन ४४–५०**

६.१ छात्रहरूको चित्रवर्णन क्षमता ४४

६.२ छात्राहरूको चित्रवर्णन क्षमता ४५

६.३ छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलना ४६

६.४ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमता ४७

६.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमता ४८

६.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमता तुलना ४९

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता ५१–५७**

७.१ सारांश ५१

७.२ निष्कर्ष ५३

७.३ उययोगिता ५६

७.३.१ नीतिगत उपयोगिता ५७

७.३.२ प्रयोगगत उपयोगिता ५७

**सन्दर्भ सामग्री सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| क्र.स. | | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| तालिका सङ्ख्या १ | : | समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति | ३३ |
| तालिका सङ्ख्या २ | : | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना | ३४ |
| तालिका सङ्ख्या ३ | : | सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ३६ |
| तालिका सङ्ख्या ४ | : | संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ३७ |
| तालिका सङ्ख्या ५ | : | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ३८ |
| तालिका सङ्ख्या ६ | : | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ४० |
| तालिका सङ्ख्या ७ | : | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ४१ |
| तालिका सङ्ख्या ८ | : | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका चित्रवर्णन क्षमताको तुलनाको तथ्याङ्क | ४२ |
| तालिका सङ्ख्या ९ | : | छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ४४ |
| तालिका सङ्ख्या १० | : | छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ४५ |
| तालिका सङ्ख्या ११ | : | छात्र र छात्राहरूको चित्रवर्णन क्षमतको तुलनाको तथ्याङ्क | ४५ |
| तालिका सङ्ख्या १२ | : | मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क | ४७ |

तालिका सङ्ख्या १३ : मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क ४८

तालिका सङ्ख्या १४ : मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलनाको तथ्याङ्क ४९

# वृत्तचित्र सूची


| क. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| वृत्तचित्र सङ्ख्या १ : | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ४३ |
| वृत्तचित्र सङ्ख्या २ : | छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र | ५० |

# सङ्क्षेपीकृत सूची

| सङ्क्षेपीकृत रूप | | पूर्ण रूप |
|---|---|---|
| क्र.सं. | : | क्रम सङ्ख्या |
| प्र. | : | प्रतिशत |
| संङ्. | : | सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| वि.सं. | : | विद्यार्थी सङ्ख्या |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| ने.वृ.श. | : | नेपाली बृहत् शब्दकोश |
| ता.नं. | : | तालिका नम्बर |
| ० | : | डिग्री |

# शोधमा प्रयुक्त पारिभाषिक पद, पदावली र तिनको सान्दर्भिक अर्थ

| | | | |
|---|---|---|---|
| १ | अतिउच्चस्तर | : | ८० देखि माथिको अङ्क प्राप्त गर्ने |
| २. | उच्चस्तर | : | ६० देखि ७९ सम्मको अङ्क प्राप्त गर्ने |
| ३. | निम्नस्तर | : | १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने |
| ४. | पूर्वकार्य | : | यस शोधभन्दा पहिले गरिएका सम्बन्धित अध्ययन अनुसन्धान |
| ५. | मध्यस्तर | : | ४० देखि ५९ सम्मको अङ्क प्राप्त गर्ने |
| ६. | मध्यमान | : | बिचको मान अर्थात् मध्यक |
| ७. | मानक विचलन | : | मध्यमानबाट देखिने औसत भिन्नता |
| ८. | सामुदायिक विद्यालय | : | सरकारी अनुदानमा आधारित तथा समुदायद्वारा सञ्चालित विद्यालय |